# चिराइतोको चित्कार

**विजयराज न्यौपाने**

म चिराइतो हुँ, झलक्क हेर्दा
वनमारा जस्तो भए पनि
म वनमारा होइन बरु मृत्युञ्जय हुँ
तिमी जसरी चिताउदै जाऊ
म तिम्रा चाहना पूरा गराउँथे
तर तिमी गाउँको जोगी भातमारा
देशको जोगी सिद्ध भने झैं
विदेशी ट्याब्लेटमा विश्वास गर्छौ
खान सजिलो छ भन्दै
त्यसैमा मोह मिसाउछौ
अनि मलाई तिते भन वा पिते
आखिर काम लाग्ने त म नै हुने छु
किनभने तिम्रो अन्तिम घडीमा
मुखमा पर्ने सुनपानी र तुलसी हो
आखिर तुलसी पनि त म जस्तै वनस्पति हो ।
भन, झार भन वा जरामुरा
घोटघाट भन वा खलबच्चा
धूलोमूलो भन वा ढुटोमुटो
तितो, टर्रो भन वा खल्लो
जे भनेर मुख बिगारे पनि
तिते, पिते भन्दै खसाए पनि
तिमी आफै खस्दै गएका छौ
किनभने सस्तोमा मलाई बेचेर
फेरि विदेशीसित महङगोमा मगाएकै छौ
त्यसैले जति उठेँ भन्ठाने पनि भाँसिएका छौ
कमाइ बसाइँ सर्नु भनेको भासिनु हो
आफ्नो पहिचान गुमाउनु भनेको पात्तीनु हो ।
तिमी भित्री आँखा देख्दैनौ
अनि मलाई चिन्दैनौ
म तिम्रै हुँ तिमी मेरै हौ
हिमाली हावासँगै कावा खाएर
हुर्किएको छु, हिमशैलसँग खेलेको छु
तुसारो र सिरोठोसँग जुधेको छु
त्यसैले त म वलिष्ठ छु
तिमीलाई पनि वलियो बनाउन सक्छु
नपत्याए एकपटक काँढा पकाइ खाइ हेर
म कसरी तागत दिलाउछु
तागत भनेको आत्मवल र आत्मनिर्भरता हो
दुर्बलता भनेको परनिर्भरता हो ।

तिमी स्वरोजगारी छोडेर रोजगारीका लागि
मुङ्लानका महल चहाछौ
न्वारन देखिको वल झिकेर
जोखीमपूर्ण कामका लागि श्रम बेच्छौं
म तिमीलाई यहीँ रोजगारी दिन्थेँ
मसित जडीबुटी खेती छ
उद्योग खोलेर आफै ओखती निर्यात गर्न सक्छौ
तर उल्टो मलाई भारीका भारी सस्तोमा बेचेर
तिमी भरिया मात्र भएका छौ
कोही हाछ्यू गर्दैमा हङकङ पुगेर
आनन्दको अनुभूति गर्छौ
यी अज्ञान र भ्रमहरु भत्काएर
अब सद्‌बुद्धि र सिर्जनाले
कामदार मात्र होइन मालिक बन्नु पर्छ
उद्योगी मात्र होइन उद्योगपति बन्नु पर्छ
तिमी चिताउ मात्र म पुऱ्याइ दिन्छु
कस्तुरी झै स्वसुबास खोजेर कति भौंतारिन्छौ ?
सुवास भनेको मेरै फूलको बास हो
अनि तिम्रो पसिनाको पनि वास हो
उद्योग भनेको यसकै व्यवसाय हो ।

कति रोग पालेर बसेका छन्
के थाहा मसँग ओखती छ भनेर
कति झारपात भनेर बालेका छन्
के थाहा पैसा खरानी हुँदै छ भनेर
म मलेरियाको दोहोलो हुँ
रुघा खोकी, घाउ खटिराको दोहोलो हुँ
दुर्वलका लागि वल हुँ
अन्धाका लागि दृष्टि हुँ
क्यान्सरका लागि सर हुँ
पेटका लागि उदरामृत हुँ
मोटोपनका लागि दुहाइ हुँ
दुखाइका लागि दर्दनाश हुँ
किनभने मेरो शक्ति भनेको हिमतैल हो
मेरो भक्ति भनेको हिमशैल हो ।

(न्यौपाने शिक्षक हुनुहुन्छ)